परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक १० २०७९ असोज ९ गते आईतवार Sunday 25, SEP 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## नेपाल सुडी समाजको तेस्रो महाधिवेशन सम्पन्न




नेपाल सुडी समाजको तेस्रो महाधिवेशनवाट सर्वसम्मत निर्वाचित भएका अध्यक्ष संतोष कुमार साह सहितका पदाधिकारीहरु ।

विराटनगर । सुडी जातिको अधिकार सुनिश्चिततत्ताको लागि राज्यले सुडी जातिलाई सूचीकृत गरी राज्यको प्रत्येक अंगमा समान सहभागीता हुनपर्ने वताएको छ ।

उक्त कुरा नेपाल सुडी समाजले विराटनगरमा सोमवार गरेको तेस्रो केन्द्रिय महाधिवेशनका प्रमुख अतिथी प्रदेश नं. १ मोरंग जिल्लाको जहदा गाउँपालिकाका अध्यक्ष जितेन्द्र प्रसाद साहले वताएको हो ।

नेपल सुडी समाजका केन्द्रिय महाधिवेशलाई दियोमा बत्ती बालेर उद्‌घाटन गर्दै अध्यक्ष साहले भने सुडी जातिको इतिहास प्राचीन र गौरवपूर्ण रहेको भन्दै सुडी जातीको मुख्य पेशा व्यपार/व्यवसायी रहेको वताए । सडी जातिलाई नेपाल सरकारले उपेक्षा गरेकै कारण आर्थिक अभाव भएर आफ्नो बालबच्चालाई शिक्षा दिक्षा दिन सकि रहेको छैन ।

जसको कारण मूलधारवाट दुर भईरहेको छ भन्दै सुडी जातिको अगुवाहरुको प्रयास आम सुडी जातिको शैक्षिक, सामाजिक, व्यवसायिक र आध्यात्मिक विकासको लागि हुनु पर्ने भन्दै सुडी जातिका विकासको लागि आफु सक्दो सहयोग गर्ने वताएको थियो ।

उत्त महाधिवेशनमा सडी समाजका अगुवा नेताहरु, प्रध्यापकहरु एवं शिक्षकहरु, डाक्टर इन्जिनियर, पत्रकार, उद्योगी, व्यवसायी गृहणी लगायत सुडी जातिवाट स्थानीय तहमा निर्वाचित जन प्रतिनिधीहरुको उलेख्य उपस्थिती रहेको थियो ।

सोही अवसरमा समाजमा विशिष्ठ योगदान पऱ्याएका दर्जनौ व्यक्तिहरुलाई समेत सडी

वांकी अन्तिम पेजमा...

## हत्यामा प्रयोग गरिएको सामग्री सहित नौ जना आरोपी पक्राउ

विराटनगर । झापाको दमक नगरपालिका-३ बेलडाँगीका ४४ बर्षीय एल.बि. भन्ने लाल बहादुर गुरुङलाई इलामको चुलाचुली गाउँपालिका-५ पकुवा स्थितमा हत्या गरेको आरोपमा संलग्न ९ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

बुधबार १०/१२ जना अपरिचित ब्यक्तिहरुले बेलडाँगी स्थित भुटानी शर्णार्थी शिविर बस्ने गुरुङलाई दमक र चुलाचुली जोड्ने रतुवा खोलाको झोलुङ्गे पुल नजिक धारिलो हतियार खुकुरी, ढुंगा प्रहार गरी शरिरको बिभिन्न भागमा काटी गम्भिर घाईते बनाई घटना स्थलबाट भागी फरार भएको थियो ।

घाईते गुरुङको बि एण्ड सि अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको घटना सम्वन्धमा तत्काल घटना स्थलमा जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी उपरिक्षक दिलिप घिमिरेको कमाण्डमा परिचालन भएको प्रहरी टोलीले घटनामा संलग्न ब्यक्तिहरुको खोज तलास गर्ने क्रममा ९ जनालाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा चुलाचुली-४ इलामका २५ बर्षीय शिब हिङहाङ भन्ने नरेन्द्र दर्जी, २९ बर्षीय झ्याम्ले भन्ने नरेश कुमार याखा,

वांकी पांच पेजमा...

## राष्ट्रपति भण्डारीको राजीनामा माग



विराटनगर । दोस्रो पटक समेत बहमतले संसदसभाबाट पारित नागरिकता विधेयक प्रमाणीकरण नगरेको भन्दै राष्ट्रपति विद्यादेवी भण्डारीको पुतला दहन गर्दै राजीनामाको माग गरेको छ ।

उक्त कदमप्रति जनता समाजवादी पार्टी नेपालले विरोध गर्दै विराटनगर नगर समितिले बीच बजारमा रहेको पंचमुखी हनुमान मन्दिर अगाडी राष्ट्रिपतिको चर्को विरोध गरेको हो ।

राष्ट्रिपतिको पुतला दहन गरी रहेकोमा प्रहरीले पानीहाले आगो निभएका थिए । राष्ट्रिपतिले राजीनामा नदिए अझ कडा आन्दोलन गर्ने र मंसिर ४ गते हुने निर्वाचनमा भाग समेत नलिने चेतावनी नेताहरुले चेतावनी दिएका छन् ।

सो विराध कार्यक्रमलाई सम्बोधन गर्दे जनता समाजवादी पार्टी जिल्ला अध्यक्ष राजकुमार यादवले राष्ट्रपतिले वहुमतवाट पारीत नागरिकता विधेयकलाई प्रमाणि करण नगर्नु भनेको नेपाली जनताको राष्ट्रपति नभएर एमाले पार्टीको राष्टपति भएको भन्दै विरोध गरेका थिए । त्यसै गरी जनता समाजवादी पार्टी विराटनगर समितिले विहीवार राष्ट्रपतिको विरोधमा विशाल मशाल जुलुश निकालेका थिए ।

## आठौं संविधान दिवसको अवसरमा प्रदेश सरकारद्धारा वृक्षारोपन

विराटनगर । संविधान दिवसको अवसरमा प्रदेश नं १ सरकारले वृहत् वृक्षारोपण कार्यक्रमको आयोजना गरेका छन् ।

सोमबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालय अगाडि एक कार्यक्रमको आयोजना गरी रानी देखि बरगाछी सम्म सडकको बिच भाग (डिभाइडर) मा बिरुवा रोपी आठौं संविधान दिवस मनाइएको हो ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा प्रदेश १ का मुख्यमन्त्री राजेन्द्र कुमार राई तथा आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले बिरुवा रोपी कार्यक्रमको सुरुवात गर्नुभएको थियो ।

केन्द्र सरकारको परिपत्र अनुसार प्रदेश १ सरकारले असोज २, ३ र ४ गते (३ दिन) सम्म सरकारी कार्यालय तथा सार्वजनिक निकायहरूमा वृक्षारोपण तथा दीपावली लगायतका कार्यक्रम गरी भव्यताका साथ मनाउने निर्णय गरेको थियो ।

वृक्षारोपण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राईले संविधान निर्माणको छोटो अवधिमै महत्त्वपूर्ण उपलब्धि हाँसिल गरेको बताउँदै संविधानलाई जोगाएर लान जरुरी रहेको बताउनु भयो ।

वृक्षारोपण कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्काउट विद्यार्थी, स्वयं सेवी विद्यार्थी, निजामती कर्मचारीहरुले वनकार्यालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपलब्ध गराएका २३ सय बिरुवा रोपेका छन् ।

त्यसैगरी सरकारका आन्तरिक मामिल ।तथा कानून मन्त्री केदार कार्कीले संविधानसंगैको सङ्घीयताले विकासका गतिविधि चलायमान बनाएको बताउनु भयो । दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै मन्त्रीकार्कीले केन्द्रीकृत मानसिकताबाट ग्रसित मुलुकमा संविधानसँगैको सङ्घीयताले बिकेन्द्रित बनाएको बताउनु भएको थियो ।

‘हरेक क्षेत्रमा विकासका गतिविधिहरू चलायमा नहुँदै गएका छन् । सन्देशमा भनिएको छ, आवश्यक कानून निर्माण, विपद् व्यवस्थापन, आपराधिक गतिविधिको नियन्त्रण तथा नैतिक शिक्षाको जोडमा प्रदेश १ सरकार, त्यसमाथि यस मन्त्रालय जुटेर लागेको अवगत गराउँदछु वहांको

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय

शुभकामना

२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर

भीम घिमिरे (अध्यक्ष)
परि संघ प्रदेश नं. १

हार्दिक मंगलमय

शुभकामना

२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर

नविन रिजाल (अध्यक्ष)
मोरंग व्यपार संघ परिवार, विराटनगर

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## राष्ट्रिपतिको १...

विधिवेत्ता, कानून व्यवसायी, नेपाल बार एसोसिएसन, सर्वोच्च बारसमेत नागरिक समाजको अधिकतम हिस्साले राष्ट्रपतिको अहिलेको कदमलाई अवैध ठहर गरेको छ । प्रजातान्त्रिक विचार समाजले पनि सो विधेयकप्रति राष्ट्रपतिको अनिर्णित निर्णयको विरोधमा दृढ आबाज मुखरित गरिसकेको छ ।

विचार समाज, बृहत् नागरिक समाज र विधिवेत्ताहरुले समेत राष्ट्रपतिले अब राजीनामा दिनुपर्ने नैतिक आधार देखाएका छन् । सञ्चारमाध्यमले पनि राष्ट्रपतिको कदमलाई वैधानिक मान्ने ठाउँ पाएका छैनन्, विरोधमै छन् । उपराष्ट्रपतिले यस विषयमा राखेको दायित्वबोधको मान्यता राष्ट्रपति भण्डारीले पढेकै हुनुपर्ने ?

मुखरित सार्वजनिक विरोध र प्रदर्शनहरुको जानकारी राष्ट्रपति लाई अवश्य होला । लोकतन्त्रमा सम्मत, असम्मत विचार प्रकट हुने स्वतन्त्रता रहे पनि देशको जनमत नै विखण्डित पार्ने आफ्नो कदमको बचाउ गर्ने वैधानिक आधार नभएको त राष्ट्रपतिले पनि बुझेकै हुनुपर्ने हो ।

आफ्नो अपरिपक्व, विवेक असम्मत र सार्वजनिक टिप्पणी अनुसार एमाले दलको स्वार्थपूर्तिको लागि लिइएको असंवैधानिक निर्णय सच्याउन राष्ट्रपति विद्यादेवी भण्डारी सार्वजनिक मागअनुसार पदबाट राजीनामा दिएर देशलाई संकट मुक्त गर्न तयार होलिन् ? वा त्यही संविधानलाई प्रहार गर्दै, त्यही संविधानले दिएको सुखभोगमै लिप्त रहने कोसिस गर्लिन् ? भविष्यले देखाउने नै छ ।

## नेपाल सुडी...

समाजले सम्मान गरेका थिए । सडी समाजलाई मुलधारमा कसरी ल्याउने, सडी जातिलाई सूचीकृत कसरी गर्ने, सुडी जातिको उत्थान र विकासको लागि कसरी अगाडी वढ्ने, सुडी समाजलाई कसरी एकतावद्ध गर्ने बारेमा प्रोफेसर रामचन्द्र साह, राजेन्द्र प्रसाद गुप्ता लगायतले आ-आफ्नो विचार राखेका थिए ।

नेपाल सुडी समाज केन्द्रिय समिति २०६३ सालमा गठन भएको थियो । सुडी समाज गठन भएपछि सुडी जातिको लागि समाजमा विभिन्न सामाजिक कार्यहरु गर्दै आएका छन् । प्रदेश नं. १ को मोरंग, सुनसरी, झापा र उदयपुर जिल्ला गरी करीब ५० हजार जनसंख्या रहेको र नेपालको तराई मधेशमा करीब ३५ लाख जनसंख्या रहेको नेपाल सुडी समाजका यूवा अध्यक्ष श्याम कुमार साहले जानकारी गराए । सुडी समाजका व्यक्तिहरु नेपाल सरकारका नितिनिर्माण गर्ने तहसम्म पुगेका छन् तर पनि सुडी जातिका यूवाहरु राज्यको मुलधारवाट उपेक्षित हुनुपरेको विडम्बना पूर्ण अवस्था रहको वहाँका भनाई थियो ।

महाधिवेशनका खुल्ला सत्रको अध्यक्षता गरी रहेका नेपाल सुडी समाजका केन्द्रिय अध्यक्ष रामेश्वर साहले आफूले अध्यक्षको जिम्मेवारीमा आएपछि र आफू भन्दा पहिले जिम्मेवारीमा रही सुडी समाजमा गरेको योगदानको बारेमा चर्चा गर्दै खुल्लासत्र सम्पन्न भएको घोषणा गरेका थिए ।

नेपाल सुडी समाज केन्द्रिय कार्य समितिको लागि सोही दिन राती सन्तोष साहको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत बाट चयन भएको थियो । विराटनगर १५ निवासी मञ्जु देवी साह महिला उपाध्यक्ष पदमा र विराटनगर निवासी दिनेश कुमार राउत उपाध्यक्ष पदमा निर्वाचित भएका थिए । महासचिव पदमा सुनसरी जिल्ला देवानगंज ५ साहेबगंज निवासी श्याम नारायण शाह, सचिव पदमा विनय कुमार साह, कोषाध्यक्ष पदमा फूलमाला साह चयन भएका थिए ।

त्यसैगरी सदस्यहरुमा गोपाल साह, ओमप्रकाश साह, दिलीप कुमार साह, विकाश कुमार साह, हरी ओमप्रकाश साह, राजेन्द्र प्रसाद साह, ज्ञानचन्द साह, पुनीत साह, पंकज साह, शेखर प्रसाद साह र तुलसी साह सर्वसम्मत बाट निर्वाचित भएको थियो ।

## आठौं...

शुभकामनामा उल्लेख छ ।

प्रदेश सरकारले दिवसको मुख्य दिन सोमबार साँझ प्रदेश वासी आम नागरिकलाई आ-आफ्नो घर टोल र महत्त्वपूर्ण सार्वजनिक स्थलहरूको सरसफाइका साथै घरघरमा दीपावली गर्न अपिल गरेको थियो । सरकारले मङ्गलवार दीपावली गरेर दिवस समापन गरेको थियो । २०७२ मा नेपालको संविधान जारी भएपछि सरकारले विविध कार्यक्रमको आयोजना गरी संविधान दिवस मनाउँदै आएको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
संतोष बस्नेत
निर्माण व्यवासयी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सुयश प्याकुरेल (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
दिनबन्धु गोयल
समाज सेवी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
संतोष बस्नेत
निर्माण व्यवासयी विराटनगर

संविधान दिवस भव्यरुपमा मनाऔं
नेपालको संविधान कार्यान्वयनको सात वर्ष पुरा भएको छ ।
- आवधिक तथा मिश्रित निर्वाचन प्रणाली, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था यसका विशेषता हुन् ।
- संविधान दिवस असोज २, ३ र ४ गते भव्यरुपमा मनाऔं ।
- घर-घरमा दिपावली गरौं ।
नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना
- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

## नेपाली बजारको महँगाईले विदेशी बजार गुलजार

*नेपाल र भारतको खल्ला सिमानाकाले गर्दा र नेपाली बजारमा अति महँगो बस्तु भारतीय बजारमा सस्तोमा पाईने गरेकाकाले अहिले चाडवाडको समयमा नेपालको बजार पूर्ण रुपमा सुख्खा देखिन्छ भने भारतीय सिमा नजिकै रहेका भारतीय बजायमा खुट्टा टेक्ने ठाउँ हुँदैन । नेपाली बजार गुलजार नहुने कारण व्यपारीहरुका मनपरी पनि एक हो । भारतवाट समान ल्याउँदा क्यारिग गरी भन्सार तिरी नल्याउने तर नेपाली बजारमा समान विक्री गर्दा भन्सारको मुल्य समेत जोडेर समानको दुगुना दाम राखेर मात्र बच्ने प्रवृतिले नेपाली बजार सुखेको हो । दसै तिहारमा आम नेपालहरुले घर रंगरोगन गर्न पेन्ट गरीन्छ ती पेन्टको लिटरमा ३ सय बढीमा नेपाली बजारमा पाईन्छ भने नजीकै भारतीय बजार गएमा लीटरको ३ सय सस्तो पर्छ भने मान्छे किन भारतीय बजार जादैनन् । नेपाली बजारलाई गुलजार गर्ने हो भने व्यपारीहरु एकता भई भारतीय मुल्य भन्दा केही मात्र फाईदा गरी नेपाली बजारमा विचविखन गर्नु पर्छ । अनिमात्र नेपाली बजारमा पनि गुलजार आउने छ ।*

*नेपाली बजार गुलजार गर्नका लागि सरकारले केही कदमहरु चाल्न जरुरी छ । खुल्ला सिमानाका कडाई, नेपाली बजारमा समान आयात भएपछि त्यसको मुल्य सरकारले तोक्नु पर्ने, सरकारले निरन्तर अभियान चलाएर बजार अनुगमन गर्ने, मनपरी मुल्य राख्ने व्यापरीहरुलाई सार्वजनिक कारवाहीलाई अगाडी बढाएमा नेपाली उपभोक्त किन भारतीय बजार जान्छ । तर भारती बजारको तुलनामा नेपाली बजारमा दुगुना फरक हुनु भएन, समिति रुपमा ५/१० प्रतिशत मुनाफा लिएर समान विक्री वितरण गरेमा भारतीय बजार जाने उपभोक्ताहरु आपसे आपसे आप रोकिन्छ । भारतवाट थोरै समान ल्याएमा पनि भन्सार काट्नु पर्छ । प्रहरीका हाली मुहालीलाई पूर्ण रुपमा प्रतिवन्ध लगाउनु पर्छ ।*

*भारतीय बजारबाट आम उपभोक्ताले मात्र समान ल्याउदैन ठूलाठूला व्यपारीहरुले भन्सारत नकटाई प्रहरी प्रसानलाई मिलाएर क्यारिङ्ग गरी भारतवाट समानहरु ल्याउने गरीन्छ । जसले गर्दा क्यारिग व्यवसायी र व्यापारीहरु मात्र मोटाउने गरीन्छ । आम नेपाली उपभोक्तामा महगीको मारमा पर्दछ । त्यसैले नेपाल सरकारले खुला सिमानाका रहेका नेपाल प्रहरी, शसस्त्र प्रहरी, छोटी भन्सार र भन्सार कार्यालयका हाकीम देखि पिउन सम्मलाई कडाई गरी मिलोमतो गरेको पत्ता लागेमा जारीर बाट हटाउने सम्मको कारवाही चलाएमा नेपाली बजार पनि गुलजार हुने छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# राष्ट्रपतिको राजीनामा माग

**कुलचन्द्र वाग्ले**

राष्ट्रपति विद्यादेवी भण्डारीले असंवैधानिक गति र मति प्रदर्शित गरेकी छन् । संविधानको रक्षक भनिने राष्ट्रपतिबाट नै जननिर्वाचित संविधान सभाले बनाएको पहिलो संविधानमाथि प्रहार गरिनु नेपालको इतिहासमा अर्को अनपेक्षित दुर्घटनामा दर्ज हुनेछ । यही कारण राष्ट्रपति भण्डारीले पदबाट राजीनामा दिनुपर्ने सार्वजनिक माग भइरहेको छ ।

लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको उपज मानिने र रक्षक ठानिने उच्च पद राष्ट्रपतिलाई संविधानको पालनकर्ता पनि भनिएको छ । उपज, रक्षक र पालनकर्ताको दायित्व निर्वाह गर्नुपर्ने राष्ट्रपति स्वयंबाट संविधानको मर्मविपरीत कदम उठाइनु स्थापित राजनीतिक प्रणालीमाथि गम्भीर चोट हो ।

राष्ट्रपति भण्डारीले पदीय दायित्व प्रतिकूल पटकपटक गरेका निर्णयको आत्मसमीक्षा गर्नु वाञ्छनीय छ र सच्चिने अन्तिम अवसर अझै केही बाँकी छ । दोस्रो कार्यकाल बिताउँदै गरेकी राष्ट्रपति भण्डारीले पहिलो कार्यकालदेखि नै संविधानका प्रावधानको बेवास्ता गर्दै खास दलको स्वार्थले प्रेरित निर्णय लिएको आरोप नागरिकता सम्बन्धी संशोधन विधेयकमा देखाएको रबैयाले पुनर्पुष्टि गरेको छ ।

धेरैले उद्धरण गर्दै भनिसके 'राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्ने विधि संविधानको धारा ११३ को उपधारा २, ३ र ४ हो । उपधारा २ ले दुवै सदनबाट पारित विधेयक प्रमाणीकरण गर्ने । उपधारा ३ अनुसार आवश्यक ठाने १५ दिनभित्र उत्पत्ति भएको सदनमा सन्देशसहित पुनर्विचारको लागि ( अर्थ विधेयकबाहेक) विधेयक फिर्ता पठाउने राष्ट्रपतिलाई अधिकार छ । उपधारा ४ को व्यवस्थाले विधेयक प्रमाणीकरण गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।'

संविधानको उपधारा ४ मा स्पष्ट व्यवस्था छ 'पुनर्विचारको लागि फिर्ता गरिएको विधेयक दुवै सदनले पारित गरी प्रस्तुत (जस्ताको त्यस्तै) वा संशोधनसहित पुनः पेस हुन आएमा राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ ।' यसको अर्थ राष्ट्रपति भण्डारीले नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनाइएको प्रस्तुत विधेयक प्रमाणित गर्नैपर्ने थियो । उपधारा ३ प्रयोग गरेकी राष्ट्रपति भण्डारीले उपधारा ४ को भने ठाडो उल्लंघन गरिन् र सो विधेयक निर्धारित समयसीमा १५ दिनभित्र प्रमाणीकरण नगरी थन्क्याइन् ।

राष्ट्रपति भण्डारीको अवैध कदमले संवैधानिक प्रावधान माथि प्रहार वा त क्षति पुगेकै छ साथै लाखौं नेपाली नागरिकलाई नागरिकता पाउने वैधानिक अधिकारबाट वञ्चित गरिएको छ । नागरिकलाई अनागरिक बनाइने अवस्थाले ती लाखौंको जीवन र भविष्यप्रति घोर अन्याय भएको छ ।

राष्ट्रपतिको निर्णय वा कदमको समीक्षा गर्दा राजनीतिक दृष्टिले होइन संविधानको मर्मको आधारमा गरिनु न्यायिक हुन्छ । नेपालको राष्ट्रिय अखण्डता, नेपाली जनतामा निहित सार्वभौम अधिकार र समावेशी, सह भागिता मूलक, बहुदलीय संसदीय गणतन्त्रात्मक संविधान राष्ट्रियहित विपरीत छ भने त्यही कुरा स्पष्ट भन्नुपर्यो । निश्चय पनि संविधान राष्ट्रियहित प्रतिकूल छैन र यस्तो दाबा कसैले पनि गरेको छैन ।

संवैधानिक प्रावधान प्रतिकूल राष्ट्रपतिको 'अवैध' प्रयत्नलाई 'छद्म' राष्ट्रवादको आवरण दिएर राजनीतिक दृष्टिकोणले पक्षपोषण गर्नु संविधान र राष्ट्रप्रति नै घातक चिन्तन हो । छद्म राष्ट्रवादको नाममा राजनीतिक रोटी सेक्न पल्केकाहरुले सोच्नुपर्छ । संविधानको प्रावधानअनुरुप प्रस्तुत नागरिकतासम्बन्धी संशोधन विधेयक अस्वीकृति गर्नुले राष्ट्र विभाजित ध्रुवमा देखिएको छ । देशको विभिन्न ठाउँमा राष्ट्रपतिको कदमविरुद्ध प्रदर्शन सुरु भएका छन् ।

राजनीतिक दलीय दृष्टिकोणले प्रेरित न्यून संख्याले राष्ट्रपतिले संविधान बर्खिलाप चालेको कदमलाई राष्ट्रियहित, राष्ट्रिय एकता वा अखण्डता जोगाउने र संविधानको रक्षा गर्ने छद्मस्वार्थी व्याख्या गरेका छन् । ती नेकपा (एमाले) निकटका व्यक्तिका रुपमा चिनिन्छन् । नेपाली नागरिक बाबुआमाका छोराछोरीलाई अनागरिक र अधिकारहीन बनाउने कस्तो राष्ट्रवाद हो ?

नेपाल कम्युनिस्ट पार्टी ( एमाले) र यसका अध्यक्ष केपी शर्मा ओलीको स्वार्थी इसारामा राष्ट्रपतिले यस्तो अवैध कदम पटकपटक चाल्दै आएको आरोप लागेको छ । यस सन्दर्भमा स्वयं एमाले मौन वा प्रतिक्रियाहीन रहनुले चाहिं सो विधेयकप्रति राष्ट्रपतिले लिएको निर्णयलाई उसले पनि अवैध मान्न बाध्य भएको कारण नै प्रतिरक्षामा अहिलेसम्म बोल्नै नसकेको स्पष्टै बुझिन्छ ।

तीन दिनअघि एमाले संसदीय दलका उपनेता तथा संविधान सभाका अध्यक्ष सुवास नेम्बाङले दुवै सदनले पारित गरी पुनः पेस गरेको नागरिकतासम्बन्धी सो विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने धारणा सार्वजनिक गरेका थिए । त्यस्तै एमाले उपमहासचिव योगेश भट्टराईले यो विधेयक प्रमाणित भए नागरिकतासम्बन्धी ९८ प्रतिशत समस्या समाधान हुने विचार व्यक्त गरेको पढिएको हो ।

एमालेभित्र प्रकट विचारहरुले नेकपा एमालेका नेताहरु यस विषयमा विभाजित रहेको स्पष्ट बुझिन्छ । यस्तै विभिन्न सञ्चारमाध्यमले राष्ट्रपतिको निणर्यप्रति प्रतिक्रिया लिन खोज्दा एमालेको नेताहरु तर्किएको वा प्रतिक्रिया दिन नचाहेको खबर छरपस्ट छ ।

संविधानमाथि घात हुने यति गम्भीर विषयमा बहुदलीय संसदीय प्रणालीको जिम्मेवार मानिने प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको अनिर्णित, दोधारे र अन्यमनस्क रबैयाको संकेत के हो ? यसअघि आफैंले प्रस्तुत गरेको र राष्ट्रपतिबाट प्रमाणित गराएको नागरिकतासम्बन्धी संशोधन अध्यादेश नै जस्ताको तस्तै प्रस्तुत अहिलेको विधेयकप्रति एमालेले उल्टो टिप्पणी गरेर द्वैध चरित्र त प्रदर्शन गरेको थियो ।

प्रश्न उठ्छ - जान्दाजान्दै संविधान प्रतिकूल हिँड्ने अर्थात् अवैध कदम राष्ट्रपति भण्डारीले कसको बल, ढाडस र उक्साहटमा लिइन् ? यस्तो निर्णयकर्ता के उनी स्वयंमात्र हुन् ? निश्चय पनि होइनन् । यस्तो कदम उत्साहित गर्न पृष्ठभागमा गम्भीर षड्यन्त्र रहेको अनुमान आधारहीन पक्कै छैन ।

अनुमानअनुसार राष्ट्रपति भण्डारीको इर्दगिर्दमा लोकतान्त्रिक मूल्य मान्यताविपरीत र संविधानसँग द्वेष राख्नेहरुको हालीमुहाली छ । लोकतान्त्रिक गणतन्त्रलाई बिथोल्ने, समयलाई प्रतिगमनतर्फ फर्काउन खोज्ने र संविधानको हुर्मत लिनेहरुकै कित्तामा प्रमुख प्रतिपक्ष एमाले पनि उभिएको ठम्याइ उसकै कर्तुतले देखाएको छ । यस्तै तत्त्व वा प्रवृत्तिको उक्साहटमा राष्ट्रपति भण्डारीले संविधान बर्खिलाप निर्णय लिएको टिप्पणी सार्वजनिक भइरहेकै छन् ।

संविधानलाई धरापमा पारिएको यस्तो बेला सबै राजनीतिक दल र नागरिक समाजले संयम हुनुपर्ने र वैधानिक समाधान खोज्नुपर्ने देखिन्छ । संविधान उल्लंघन गरे हुन्छ भन्ने नजिर बस्न दिनु हुँदैन । राष्ट्रपतिको अवैध कदम संविधान विरोधी र पुरातनपन्थीलाई टाउको उठाउने अवसरमा परिणत हुने खतरातर्फ बेलैमा सबै सचेत हुनु समयको माग हो ।

संघ र प्रदेशको निकट चुनावी माहोलमा पाँच दलीय चुनावी एकता देखेर तिल्मिलाएको एमालेले चुनाव बिथोल्न खोजेको टिप्पणी पनि भइरहेछ । यो सत्य हो कि हल्ला ? हल्लामै सही केही आधार छ कि ? एमाले नेताले स्पष्ट गर्लान् ? भनिन्छ एमालेको 'अनुत्तरित' यही छद्म प्रयासलाई साथ दिन राष्ट्रपतिले 'अवैध' कदम चालेकी हुन् ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# नेटवर्किङ ठगीको आरोप

सुनसरी । नेटवर्किङ ठगीको आरोपमा ईलाका प्रहरी कार्यालय ईटहरीले ६ जनालाई पक्राउ गरेका छन ।

ईटहरी-९ मा ग्लोबल ओरियनस नेपाल प्रा.लि. नामक कार्यालय संचालन गरी हप्तामा १०-१२ हजार सम्म कमाई हुने काम पाईन्छ भनि सर्वसाधरण लाई बोलाई यसको सदस्य बने धेरै लाभ प्राप्त हुने र विभिन्न देश घुम्न पाइने भनि प्रलोभनमा पारी सदस्यता दस्तुर लिई सदस्य बनाई नेटवर्किङ (संजाल) निर्माण गर्दै आएका थिए ।

नेटवकिङ व्यवसायका नामवाट प्रलोभन देखाई सर्वसाधरणबाट रकम असुली गरी ठगि गरीरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले उक्त कार्यमा संग्लग्न ६ जनालाई बुधवार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा मोरङको मिक्लाजुङ गाउँपालिका- १ की ससिता राई सुन्दरहैस्चा-७ बस्ने संजिव माझी, ग्रामथान-३ का विक्रम माझि, कटहरी-६ का पंकज कुमार साह, अरुण मुडयारी र विर्तामोड-१० का पदम राई रहेका छन् ।

नेटवर्किङ अफिसबाट प्रहरीले कम्प्युटर, ल्यापटप, मोबाईल फोन, बिभिन्न ब्यक्तिको फोटो, नागरीकता सहितको सम्झौता पत्र, ग्लोबल ओरियन्ट नेपाल लेखेको टिकट, बिल, छाप, मेडल, प्रमाण पत्र, ईजाजत पत्र, व्यवसायी दर्ता प्रमाण पत्र, दार्जलिग, दुवै, सिगापुर, बैकक, टुर एचिभर लेखेको बिभिन्न व्यानरहरु, ग्लोबल आइएमइ बैकको फ्रेम गरेको चेक ३ थान, ओआरआई फ्लोर क्लिनर, स्किन भिटा, हेयर स्टाईल, तुलसी ड्रप, विन्टर चेरी लगायतका सामानहरू बरामद गरेको थियो ।

पक्राउ परेका उनीहरुको सम्बन्धमा नेटवर्किङ ठगी सम्बन्धी मुद्धा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

# स्तरोन्नति, प्रादेशिक अस्पताल भद्रपुरलाई दुई सय वेड र भोजपुर जिल्ला अस्पताल ५० वेड

विराटनगर । प्रदेश नं. १ मन्त्रिपरिषद्को विहीवार बसेको बैठकले प्रदेश नं. १ को प्रादेशिक अस्पताल भद्रपुर झापाको स्तरोन्नति गरी २ सय बेड बनाउने निर्णय गरेको छ ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले भोजपुर जिल्ला अस्पतालको स्तरोन्नति गरी ५० बेडको बनाउने निर्णय पनि गरेको छ । प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेका अनुसार, बैठकले स्वास्थ्य मन्त्रालयले प्रस्तुत गरेको प्रस्तावका आधारमा ती दुई अस्पतालको स्तारोन्नति गर्ने निर्णय गरेको हो ।

बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा प्रस्तुत नेपाल सरकारको २०७९ असोज ५ गतेको निर्णय प्रचलित कानून समेतको दायरा भित्र रही कार्यान्वयन गर्न प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशकलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।

उक्त निर्णयअनुसार, धनकुटाको भेडेटारमा बन्न लागेको स्वाइवाकका लागि आवश्यक जग्गा सट्टापट्टा गर्ने जिम्मेवारी प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशकलाई हुनेछ । बैठकले खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयद्वारा प्रस्तुत प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धी व्यवस्था गर्न विधेयक तर्जुमाको सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

त्यसैगरी बैठकले पर्यटन तथा संस्कृति मन्त्रालयद्वारा प्रस्तुत प्रदेश नं. १ अन्तर्गतका १४ जिल्लाको प्रमुख उत्पादनको ब्राण्डिङ गर्ने र प्रदेश नं. १ को पर्यटन लोगो स्वीकृत गर्नेसहित पर्यटकीय गन्तब्य स्थल तोक्ने विषयलाई मन्त्रीस्तरीय समितिको छलफलमा लैजाने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेले जानकारी दिनुभएको थियो ।

# चोरी गरेको व्याट्री, पानी तान्ने मोटर सहित दुई जना पक्राउ

सुनसरी । सुनसरीको इटहरी उपमहानगर पालिका-२० स्थितबाट प्रहरीले चोरीको समान सहित २ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इटहरी-२० का आशिष चौधरी र किरण क्षेत्री रहेका छन । इटहरी-२० स्थितमा रहेको किरण क्षेत्रीले संचालन गरेको कवाडी पसलमा चोरी गरेको सामग्री बेच बिखन भईरहेको छ भन्ने बिशेष सुचनाका आधारमा इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले चौधरीलाई राठी कम्पनीको वाईरिङका तार ८ पाकेट चोरी गरी बेचीरहेको अवस्थामा सोमवार पक्राउ गरेको थियो ।

चौधरी पक्राउ परे संगै सोधपुछको क्रममा पहिला समेत चोरी गरेका अन्य सामग्री सोही पसलमा बिग्रि गरेको भनि चौधरीले बयान दिएका आधारमा प्रहरीले कवाडी पसलमा खानतलासी गर्दा चोरी गरी बिक्रि गरेका बिभिन्न कम्पनीका १४ थान ब्याट्री, पानी तान्ने मोटर २ थान समेत कवाडी पसलबाट बरामद भएको थियो ।

चोरीको सामान बरामद भए सगै चौधरी र क्षेत्रीलाई पक्राउ गरी सम्मानित सुनसरी जिल्ला अदालतबाट चोरी मुद्दमा म्याद थप गरी थप अनुन्धान भईरहेको इलाका प्रहरी कार्यालय इटहरी सुनसरीले जनाएकोछ ।

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
विवेक मालपानी
उद्योगी/व्यवसायी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
रमेश मिश्र(प्रमुख)
डि.ए.भी स्कुल परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
नरेश राठी
उद्योगी व्यवासयी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
नन्द किशोर राठी
उद्योगी/व्यवसायी विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त ग
राजन खत्री(प्रमुख)
विराट हेल्थ कलेज परिवार, विराटनगर

# हत्यामा संलग्न दुइ पक्राउ

सुनसरी । सुनसरीको धरान उप-महानगरपालिका-२० की ६४ बर्षीया पुर्णसरी रईको हत्यामा संग्लग्न रहेको आरोपमा ईलाका प्रहरी कार्यालय धरानले २ जनालाई पक्राउ गरेको छ ।

भदौ २९ गते दिउँसो राई आफ्नै घरमा मृत अबस्थामा रहेको भन्ने खबर प्राप्त भएसंगै ईलाका प्रहरी कार्यालय धरानबाट प्रहरी टोली खटि गई अनुसन्धान शुरु गरेको थियो । अनसन्धानको क्रममा राईको शरिरमा धारिलो हतियारले काटिएको पाएसंगै हत्याको आशंकामा सुक्ष्म अनुसन्धान शुरु गरेको प्रहरी टोलीले घटना भएको केही दिनमा घटनामा संग्लग्न २ जनालाई बुधवार पक्राउ गरेको थियो ।

१ नम्बर प्रदेश प्रहरी कार्यालयको अनुसन्धान (रिट) समुह, संघिय प्रहरी ईलाका कार्यालय धरान, जिल्ला प्रहरी कार्यालय सुनसरी र ईलाका प्रहरी कार्यालय धरानबाट संयुक्त रुपमा परिचालन भएको प्रहरी अनुसन्धान टोलीले घटनामा संग्लग्न रहेका धनकुटाको सागुरीगढी गाउँपालि का-०८ ढुङ्गेका १८ बर्षीय निखिल भन्ने नकुल राई रहेको खुले संगै राईलाई असोज २ गते बिराटनगरको रानीबाट पक्राउ गरेको थियो ।

पक्राउ परेका राईलाई सोधपुछ गर्ने क्रममा उक्त घटनामा भोक्राहा नर्सींङ गाउँपालिका-६ का २० बर्षीय रन्जित कुमार साहको संग्लग्नता रहेको खुले संगै साहलाई समेत पक्राउ गरेको हो । हत्याको आरोपमा पक्राउ परेका राईले पुर्णसरी राईको धारिलो हतियार प्रहार गरी हत्या गरेको र राईले लगाएको सुनको सिक्री तथा कुन्डल समेत लुटेर लगेको खुल्न आएको छ ।

उक्त लुटेको सुनका गहना रन्जित कुमार साहको घरमा लुकाई छिपाई राखेको अवस्था बरामद भएको थियो । यसरी हत्या आरोपमा पक्राउ परेका दुबै जनाको सम्बन्धमा ईलाका प्रहरी कार्यालय धरानले थप अनुसन्धान गरिरहेको छ ।

# सुरक्षा निकायलाई मोटरसाईक हस्तान्तरण

विराटनगर । प्रदेश नं १ मा सुरक्षा निकायका लागि खरिद गरिएका स्कटीङ मोटर साइकल हस्तान्तरण गरिएको छ ।



बुधवार आन्तरिक मामिला तथा कानून मन्त्रालयमा आयोजित कार्यक्रममा सुरक्षा कर्मीलाई मोटरसाइकल हस्तान्तरण गरिएको थियो । मोटर साइकल हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अथिति प्रदेशका मुख्यमन्त्री राजेन्द्र कुमार राईले प्रदेश सरकारले सडकको सुरक्षामा गम्भीर भएर काम गरिरहेको वताउनु भएको थियो ।

त्यस्तै आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले अपराधलाई न्यूनीकरणका गर्नका लागि सुरक्षा कर्मीलाई मज्बुद बनाउनु पर्नेमा जोड दिनुभयो । मन्त्रीकार्कीले सुरक्षाकर्मीलाई श्रोत साधन जुटाउन प्रदेश सरकार लागिरहेको उल्लेख गर्दै स साना कदमबाटै अपराध न्यूनीकरण हुँदै जाने बताउनु भयो ।

मन्त्री कार्कीले सडक अपराधलाई प्रविधिले निगरानी बढाउने भन्दै मुख्य राजमार्गमा सरकारले सिसी क्यामेरा जडान गरिरहेको बताउनु भयो 'मेची, कोसी तथा रानी, धरान खण्डमा सिसी क्यामेरा जडानको अभियानमा छौं, उहाँले भन्नुभयो प्रविधि मैत्री निगरानी भएमा अपराधी उम्कन पाउँदैन ।'

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट खरिद भएका ६ थान मोटरसाइकल प्रहरीलाई हस्तान्तरण गरिएको हो । मोटरसाइकल ग्रहण गर्दै प्रदेश नं १ प्रहरी कार्यालयका प्रमुख सुदीप गिरिले सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो । ट्राफिक प्रहरीलाई यातायात व्यवस्थापनमा कठिनाइ भइरहेको अवस्थामा प्रदेश सरकारको सहयोगले राहत पैदा भएको उहाँको भनाई छ । मोटरसाइकल वितरण अगाडि प्रदेशको सडक सुरक्षाका बारेमा प्रस्तुती करण गरिएको थियो ।




हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
संतोष चौधरी
उद्योगी/व्यवसाय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
राजु गोयल
गोयल हाडवेयर परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
लाईफ गार्ड हस्पिटल परिवार
विराटनगर, बरगाछी

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
AARYA NEURO HOSPITAL
KANCHANBARI, BIRATNAGAR–2

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
गणेश कुमार यादव (प्रमुख)
विराटनगर दुग्ध वितरण आयोजना परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त गर
NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT. LTD. BIRATNAGAR

# शान्ति सन्देश भिडियो प्रदर्शन



विराटनगर । विश्व शान्ति दिवसको अवसरमा विश्व शान्तिदूत श्री प्रेम रावतको शान्ति सन्देश भिडियो प्रदर्शन भएको छ ।

प्रदेश नं. १ को राजधानी विराटनगरमा रहेको नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभा हलमा पत्रकारहरुको उपस्थितिमा सो भिडियो प्रदर्शन गरेको हो ।

प्रेम रावतको मुख्य संदेश जबसम्म हामी आफ्नो हृदयको तिर्खा मेटाउदैनौ तबसम्म बाहिर जे सुकै गरे पनि शान्ति पाउन सकिदैन, शान्ति बाहिर खोजेर हुँदैन आफ्नो आत्म र मन भित्रै शान्ति खोज्नु पर्छ ।

रावतको शान्ति संन्देशहरु दर्जनौ भाषामा रहेका छन् । आत्मज्ञान प्रचार संघ केन्द्रीय कार्यालय सामाखुशी काठमाण्डौको आयोजनमा भएको शान्ति सन्देश भिडियो प्रदर्शन नेपाली भाषामा देखाइएको थियो ।

शान्ति संन्देश भिडियो सुनिसकेपछि पत्रकारहरुको जिज्ञासाको जवाफ रावतका अनुनायीहरुले दिएका थिए । शान्ति संन्देशका भिडियोहरु नेपालको कारागारमा रहेका कैदिवन्दीहरुलाई समेत सुनाउने गरिन्छ ।

शान्ति संदेश भिडियो कार्यक्रमको स्थानीय प्रेमीहरु रेखा गुप्ता र कल्पना दहालले सहजीकरण गर्नु भएको थियो ।

## राष्ट्रपति...

२१ बर्षीय अभिषेक केरुङ, २० बर्षीय सेसे भन्ने सेसेयाङ याखा, ३३ बर्षीय सन्तु भन्ने चन्द्र कुमार यवा, ३५ बर्षीय डम्बर यवा, ३० बर्षीय टिका भन्ने नरेन्द्र तुम्रोक, २६ बर्षीय बिक्रम हिङमाङ र २९ बर्षीय पर्शु राई बिभिन्न स्थानमा लुकि छिपि बसेको अवस्थामा पक्राउ गरेको थियो ।

प्रहरीले उनिहरुलाई घटनामा प्रयोग भएको दाप सहितको खुकुरी, मृतकलाई हिर्काउन प्रयोग गरेको ढुङ्गाहरु तथा मृतकले प्रयोग गरेको को.१९ प ३७२५ नम्वरको मोटरसाईकलको दुबै चक्काको टायर काटी फालेको अवस्थामा फेला परी बरामद गरेको थियो ।

घटनाको प्रारम्भिक अनुसन्धानको क्रममा घट्ना भएको ३ दिन अगाडि मृतक गुरुङले घट्नामा संलग्न टिका भन्ने नरेन्द्र तुम्रोकका आफनै भाई सुजन तुम्रोकलाई कुटपिट गरेको र सोही घट्नाको बदला लिन आरोपिहरुले कुटपिट गरी मार्ने सम्मको योजना बनाएको खुल्न आएको छ ।

घटनामा संलग्न अन्य ब्यक्तिको खोजतलास तथा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# राजवंशी समाज विकास समितिमा नयाँ नेतृत्व




विराटनगर । राजवंशी समाज विकास समिति मोरंगले जिल्ला अधिवेशन गरी नयाँ नेतृत्व चयन गरका छन्।

शुक्रवार विराटनगरमा भएको जिल्ला अधिवेशनले २१ सदस्य नयाँ नेतृत्व चयन गरेपछि शनिवार पत्रकार महासंघको सभाहलमा पत्रकार सम्मेलन गरी सोका जानकारी दिदै केन्द्रिय महासचिव राजकुमार राजवंशीले नयाँ नेतृत्वलाई टिका लगाई प्रमाणपत्र प्रदान गरेका थिए ।

मोरंग जिल्ला अधिवेशनवाट रमेश कुमार राजवंशीको अध्यक्षतामा २१ सदस्य कार्य समिति गठन गरेको जानकारी गराए । समितिको उपाध्यक्षमा मिथिलेश कुमार राजवंशी, विरेन्द्र कुमार राजवंशी, मान बहादुर राजवंशी र श्रीमति आशो देवी राजवंशी चयन भएका छन् ।

त्यसैगरी सचिवमा अमृत कुमार राजवंशी, सह-सचिवमा श्यामलाल राजवंशी र कोषध्यक्षमा विजय कुमार राजवंशी चयन भएका छन् ।

त्यसैगरी सदस्यहरमा क्रमश राजेश राजवंशी, पुर्णिमा कुमारी राजवंशी, प्रलाद राजवंशी, कन्हैयालाल राजवंशी, माधव प्रसाद राजवंशी, वनिलाल राजवंशी, कमल राजवंशी, अनिल राजवंशी र श्रीमति शान्ति देवी राजवंशी चयन भएका छन । वांकी चार जना सदस्य मनोनीत गर्न वांकी रहेको अध्यक्ष रमेश कुमार राजवंशीले वताए ।

जिल्ला अधिवेशनवाट निर्वाचित पदाधिकारीहरुलाई बधाई दिदै अगामी दिनमा कोच राजवंशी जातिको उत्थान तथा विकासको लागि एकता वद्ध भई अगाडी वढ्न केन्द्रिय महासचिव राजकुमार राजवंशीले आग्रह गरेका थिए ।

# भाद्र महिनाको सवोत्कृट प्रहरीमा सहायक हवल्दार बुढाथोकि घोषित

बिराटनगर । इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला, उदयपुरमा कार्यरत प्रहरी सहायक हवल्दार राज कुमार बुढाथोकी भाद्र महिनाको सर्बोत्कृष्ट प्रहरी घोषित भएको छ ।

सर्बोत्कृष्ट घोषित भएका बुढाथोकीले अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै मिति २०७९ भाद्र १७ गते जिल्ला उदयपुर बेलका नगरपालिका वडा नं. ७ गोवाटार स्थित सुनसान जंगल भित्र पर्ने वाबिङ खोलामा स्थानीय राज कुमार बस्नेत, निजकी श्रीमति सरिता बस्नेत र छोरा सुजन बस्नेतलाई धारिलो हतियार खुकुरी प्रहार गरी निर्ममता पूर्वक कर्तव्य गरी मारेर घटनास्थलबाट भागी फरार रहेका प्रतिबादी स्थानीय ४३ बर्षीय नर बहादुर बस्नेतलाई तत्कालै खोजतलास गर्ने क्रममा बेलका नगरपालिका - ६ बरबोटेबाट घटनामा प्रयोग गरेको धारिलो हतियार खुकुरी समेत हातमा बोकी जंगलको बाटो हुँदै लुकिछिपी भाग्दै गरेको अवस्थामा पक्राउ गर्न सफल भएका थिए । यसरी हत्या जस्तो जघन्य अपराध अनुसन्धानमा प्रशंसनीय कार्य गरेकोले प्रहरी चौकी घुस्की सुनसरी दरबन्दी भई इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला, उदयपुरमा कार्यरत प्रहरी सहायक हवल्दार राज कुमार बुढाथोकीलाई सम्पादित कार्यको उच्च मुल्याङकन गर्दै २०७९ साल भाद्र महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको हो ।



हवल्दार बुढाथोकी

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ । सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर तथा प्रदेश प्रहरी अन्तरगत रहेका इलाका प्रहरी कार्यालय "क" स्तरसम्मका प्रहरी कार्यालय हरुमा १ महिना सम्म राखिदै आईएको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं
सुरक्षा अस्पताल प्रा.लि. परिवार
विरेन्द्र सभागृह अगाडी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं
सगरमाथा उच्च माध्यमिक विद्यालय
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं
पूर्वाञ्चल जल उद्योग
परिवार शान्ति चौक, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं
मेरील्याण्ड कलेज परिवार
रंगेली रोड, विराटनगर